नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००३०९ ४२००२८१

पत्र संख्या:-
चलानी नं.:-

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाडौं

१९ असोज २०७३

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र विकास साझेदारहरुबीच भएको परामर्श बैठक सम्वन्धी**

# प्रेस विज्ञप्ति

मिति २०७३ साल असोज १९ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजनामा माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डे, माननीय राज्य मन्त्री श्रीप्रसाद जवेगुको समुपस्थितिमा यस मन्त्रालयका सचिव श्री केदार वहादुर अधिकारी, मन्त्रालयका सहसचिवहरु, महानिर्देशकहरु र उपमहानिर्देशकहरु तथा यस मन्त्रालय अन्तर्गत सहयोग गरिरहेका विकास साझेदार निकायबाट महामहिम राजदुतहरु, विकास नियोग प्रमुख तथा प्रतिनिधिहरु, संयुक्त राष्ट्रसंघीय नियोगका प्रतिनिधिहरु तथा पत्रकारहरुको सहभागितामा मन्त्रालय र विकास साझेदारहरुबीचमा स्थानीय शासन सुदृढीकरण बिषयमा एक परामर्श बैठक सम्पन्न भयो । उक्त बैठक तथा अन्तरक्रिया कार्यक्रममा मन्त्रालयका सहसचिव तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) का राष्ट्रिय कार्यक्रम निर्देशक श्री रेश्मिराज पाण्डेले सहभागीहरुको स्वागत गर्दै कार्यक्रमका हालसम्मका मुख्य उपलव्धीहरु र आगामी कार्यवारे प्रकाश पार्नुभएको थियो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका माननीय मन्त्री श्री हितराज पाण्डेले कार्यक्रममा नेपालको स्थानीय शासन तथा आर्थिक-सामाजिक विकासको क्षेत्रमा विकास साझेदारहरुबाट हुँदै आएको योगदानको सह्राहना गर्दै आगामी दिनमा वर्तमान सरकारको प्राथमिकतायुक्त कार्यक्रमहरु, संविधानको कार्यान्वयन, भूकम्प पछिको पुनर्निर्माण तथा पुनर्स्थापना, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउने, विकास निर्माण र आर्थिक समृद्धि हासिल गर्ने, प्रभावकारी सेवा प्रवाह र सुशासन प्रबर्द्धन गर्ने तथा स्थानीय शासनको सुदृढीकरण कार्यमा नेपाल सरकार दृढतासाथ लागि रहेको जानकारी गराउदै सरकारका उल्लेखित प्रमुख प्राथमिकताको कार्यान्वयनका साथै स्थानीय शासनको सुदृढीकरण गर्ने कार्यमा मित्रराष्ट्रहरु तथा विकास साझेदारहरुबाट निरन्तर सहयोग र सहकार्य रहने विश्वास व्यक्त गर्नुभयो ।

संविधान तथा संघीयता कार्यान्वयनका क्षेत्रमा मन्त्रालय अन्तर्गत भएका उपलव्धीको चर्चा गर्दै माननीय मन्त्रीले प्रदेश र स्थानीय तहलाई संविधानत: प्रदत्त अधिकारलाई कार्यमूलक तुल्याउन आवश्यक संरचना र पद्धतिको स्थापना गर्न लागि परेको, विभिन्न छ वटा संवैधानिक निकायको गठनका लागि आवश्यक विधेयक तर्जूमा गरी संसदमा पेश भइसकेको, स्थानीय तहको पुर्नसंरचनाको कार्यलाई निष्कर्षमा पुर्‍याउन प्रमुख राजनीतिक दलहरु तथा जिल्लाहरुबाट आयोगले प्रक्षेपण गरे अनुसारको



क्रमश:

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरवार, काठमाडौं

संख्यामा व्यापक छलफल भएपश्चात् जिल्लाका ईलाकाहरुलाई समेत मुख्य आधार मानी पुनसंरचना गर्न सरकारले आयोगलाई थप मापदण्ड उपलव्ध गराई सहजीकरण गरिरहेको, तथा २०७३ साल चैत्रभित्र स्थानीय तहको निर्वाचन गरिने र सोको लागि आवश्यक्र कानून तर्जूमा गर्ने कार्यसमेत अगाडि बढी रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका माननीय राज्यमन्त्री श्रीप्रसाद जवेगुले संविधानको कार्यान्वयनमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने कार्य नेपाल सरकारको पहिलो प्राथमिकताको कार्य भएको हुँदा यस क्षेत्रमा सहकार्यका लागि विकास साझेदार निकायहरुसँग आग्रह गर्नु भयो । उहांले मन्त्रालयका प्राथमिकता क्षेत्रहरुको बारेमा जानकारी गराउदै स्थानीय तहको पुर्नसंरचना कार्य समयमै सम्पन्न गरी २०७३ साल चैत्र महिनाभित्रै स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने कुरामा सरकार प्रतिबद्ध रहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव श्री केदार वहादुर अधिकारीले स्थानीय शासन तथा स्थानीय आर्थिक एवम् भौतिक पूर्वाधार विकासमा मित्रराष्ट्र तथा विकास साझेदारहरुबाट पुऱ्याउदै आएको सहयोगको सह्राहना गर्दै आगामी दिनमा सहकार्य जारी रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले संविधान कार्यान्वयनको सम्वन्धमा मन्त्रालयबाट भएका कार्यहरुबारेमा बैठकमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा मित्रराष्ट्र तथा विकास साझेदार निकायका तर्फबाट वेलायती राजदुतावास, स्वीस राजदुतावास, नर्वेजियन राजदुतावास, जर्मन राजदुतावास, भारतीय राजदुतावास, एशीयाली विकास बैंक, अमेरिकी सहयोग कार्यक्रम, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, संयूक्त राष्ट्रसंघीय पूँजी विकास कोष, यू.एन. ओमन, संयुक्त राष्ट्रसंघीय जनसंख्या विकास कार्यक्रमका उच्चस्तरीय प्रतिनिधिहरुको सहभागिता रहेको थियो । विकास साझेदार निकायहरुका तर्फबाट विकास साझेदार संयोजक स्वीस राजदुतावासका कार्यवाहक राजदूत श्री दीपक एल्मारले कार्यक्रमको आयोजनाका लागि मन्त्रालयलाई धन्यवाद दिदैं नेपालको संविधान तथा संघीयता कार्यान्वयनको ऐतिहासिक रुपान्तरण प्रक्रियामा विकास साझेदार निकायकातर्फबाट सहयोग गर्न पाउंदा खुसी लागेको विचार व्यक्त गर्नुभयो । उहाँले स्थानीय तहको पुनर्संरचना प्रक्रियालाई निष्कर्षमा पुऱ्याई छिटोभन्दा छिटो स्थानीय तहको निर्वाचन गर्न नेपाल सरकार सक्षम हुने विश्वास पनि व्यक्त गर्नुभयो । लोकतान्त्रिक स्थानीय सरकारको सुदृढीकरणमा नेपाल सरकारसंग सहकार्य गर्दै अगाडि बढ्ने विश्वास समेत व्यक्त गर्दै उहाँले यस कार्यका लागि नेपाल सरकार र विकास साझेदारहरुबीच जारी छलफल तथा आगामी योजना तर्जूमा कार्य अगाडि बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा उपस्थित सवै विकास साझेदारहरुले नेपालको संक्रमणकालीन सेवा प्रवाहलाई प्रभावकारी तुल्याँउन सहकार्य जारी रहने धारणा व्यक्त गरेका थिए ।

रेश्मीराज पाण्डे
सहसचिव तथा प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय



भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।